# कालीमाटी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १, कालीमाटी, वैशाख महिना १२ गते २०७६, संख्या १३

भाग -२

नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिमको अधिकार अन्तर्गत रही कालीमाटी गाउँपालिकाको गाउँ कार्यपालिकको बैठकबाट मिति २०७६।०१।०४ मा पारित भएको कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**२०७६ सालको कार्यविधि संख्याः १३**
**कालीमाटी गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७५**

गाउँ कार्यपालिकाबाट स्विकृत मितिः२०७६।०१।०४
प्रमाणिकरण मितिः मितिः२०७६।०१।०५

प्रस्तावना: कालिमाटी गाउँपालिकाको वार्षिक बजेट बमोजिम कार्यक्रम गोष्ठी कार्यशाला र तालिम संचालन गर्ने गाउँ कार्यपालिलकाको कार्यालयका विषयगत शाखा, वडा कार्यालयहरु र विभिन्न गैर सरकारी संघ संस्थाहरुले गर्ने खर्चमा एकरुपता ल्याई सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न वाञ्छनीय भएकोले कालीमाटी गाउँपालिकको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन,२०७४ को दफा ४ को अधिनमा रही कालीमाटी गाउँ कार्यपालिकाले " **कालीमाटी गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७६**"स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ

**क) यस निर्देशिकाको नाम** " कालीमाटी गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७६" **रहेको छ ।**

**ख) यो निर्देशिका कालिमाटी गाउँ कार्यपालिका बाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।**

**२ परिभाषा : " विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

क) बैठक भन्नाले कालिमाटी गाउँपालिकामा संघ, प्रदेश तथा स्थानीय कानुन बमोजिम गठन भएका समितिको बैठक सम्झनु पर्दछ । सो शब्दले कर्मचारीको नियमित स्टाप बैठक लाई समेत बुझाउने छ ।

ख) कार्यालय भन्नाले कालिमाटी गाउँ कार्यापालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले कालिमाटी गाउँपालिकाका वडा कार्यालयलाई समेत बुझाउने छ।

ग) गाउँपालिका भन्नाले कालिमाटी गाउँपालिका सम्झनु पर्दछ ।

घ) न्युनतम भाडा भन्नाले नेपाल सरकारले सार्वजनिक यातायातका लागी तोकेको प्रतिकिलोमिटर न्युनतम भाडा सम्झनु पर्दछ ।

ङ) कर्मचारी भन्नाले कालिमाटी गाउँपालिका भित्रका कर्मचारी लाई सम्झनु पर्दछ ।

च) दैनिक भ्रमण भत्ता भन्नाले भ्रमण खर्च नियमावली २०६४ ले निर्धारण गरेको भ्रमण भत्ता सम्झनु पर्दछ ।

## परिच्छेद २
## बैठक भत्ता

३. बैठक भत्ता दिने आधारहरू निम्नानुसार रहनेछन ।

क) स्पस्ट विषयवस्तु र कार्ययोजना वेगर बैठक वस्न पाईने छैन ।

ख) बैठक कार्यालय समय वाहिर हुनुपर्ने छ । तर वोलपत्र, सिल्वन्दि दरभाउपत्र तथा कोटेशनको प्रस्ताव खोल्दा उठाईने मुचुल्काको बैठकमा आमन्त्रित गरिएका गाउँपालिकाका पदाधिकारी, कर्मचारी

र प्रहरीहरूलाई कार्यालय समयभित्र बैठक वसेतापनि भत्ता उपलब्ध गराईनेछ । उक्त वैठकमा उपस्थित वोलपत्रदाता, दरभाउपत्रदाता र प्रस्तावदातालाई भने भत्ता प्रदान गरिने छैन ।

ग) कानुन अनुसार गठन भएका समितिहरूको वैठकहरूको लागि मात्र भत्ता प्रदान गर्ने

घ) बैठकमा आमन्त्रित गरिएका वढिमा ३ जना सम्म आमन्त्रित सदस्य र विशेषज्ञलाई मात्र भत्ता प्रदान गर्न सकिनेछ

ङ) बैठक भत्ताको दर रू १५००।- हुनेछ ।

च) एक दिनमा जतिसुकै समितिको बैठक वसेतापनि कुनै एउटा मात्र समितिको वैठकको भत्ता प्रदान गर्ने ।

## परिच्छेद ३
## खाना ⁄खाजा खर्च

४ देहाय वमोजिम कार्यपुरा गर्ने कर्मचारीलाई मात्र खाजा तथा खाना खर्च उपलब्ध गराईने छ ।

क) कार्यालय समय भित्रको नियमित काम वाहेक दैनिक २ घण्टा भन्दा वढि अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाना खाजा खर्च वापत दैनिक रू २५०।- दिन सकिने छ । तर यातायात खर्च उपलब्ध गराईने छैन ।

**ख) सार्वजनिक विदाको दिनमा काम गर्ने कर्मचारीलाई खाना खाजा खर्च वापत रू ५००।- दिन सकिने छ । तर यातायात खर्च उपलब्ध गराईने छैन ।**

**ग) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालामा उपस्थित भएका प्रति सहभागि रू २००।- मा नवढाई खाना तथा खाजा खर्च उपलब्ध गराईने छ ।**

**घ) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाका संयोजक, प्रतिवेदक र सहयोगी कर्मचारीलाई खाजा खर्च वापत रू २००।- मा नवढाई प्रदान गरिने छ ।**

## परिच्छेद ४
## कार्यपत्र प्रस्तुतकर्ताको पारिश्रमिक

५ कार्यपत्र प्रस्तुतकर्ताको पारिश्रमिक प्रदान गर्ने आधार देहाय बमोजिम हुनेछन ।

**क) एउटा कक्षाको अबधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने छ ।**

**ख) कार्यपत्र कम्तिमा ७५० शब्दको प्रबन्ध हुनुपर्ने छ ।**

**ग) प्रशिक्षक/श्रोत व्यक्तिले कक्षा संचालन वापत प्रति कक्षा रू ७००।- र कार्यपत्र वापत प्रति कक्षा रू ८००।- का दरले पारिश्रमिक पाउनेछन । तर प्रशिक्षक/श्रोत व्यक्ति गाउँपालिकाको**

**पदाधिकारी तथा कर्मचारी भएमा कार्यपत्र वापतको पारिश्रमिक रकम मात्र पाउनेछन ।**

**घ) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाका प्रशिक्षक/श्रोत ब्यक्ति गाउँपालिका भन्दा वाहिर वाट आमन्त्रण गरिएको खण्डमा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराईने छ ।**

## परिच्छेद ५

## संयोजक/प्रतिवेदक/सहयोगी कर्मचारी र कार्यालय सहयोगी भत्ता

६ संयोजक/प्रतिवेदक/सहयोगी कर्मचारी र कार्यालय सहयोगी भत्ता देहाय बमेजिम प्रदान गरिने छ ।

**क) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाका संयोजकलाई प्रतिदिन रू ३००।-,का दरले दुई जना सम्म सहयोगी कर्मचारीलाई प्रतिदिन रू १५०।- का दरले, कार्यालय सहयोगीलाई प्रतिदिन रू १५०।- का दरले र प्रतिवेदकलाई एकमुष्ट रू १०००।- का दरले भत्ता उपलब्ध गराईने छ ।**

**ख) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाका संयोजक, प्रतिवेदक र सहयोगी कर्मचारीको खाना वस्न खर्च दैनिक भ्रमण खर्च नियमानुसार प्रदान गरिने छ ।**

## परिच्छेद ६
## सहभागी भत्ता

७ सहभागी भत्ता देहाय बमोजिम प्रदान गरिने छ ।

क) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाका सहभागीहरूलाई दैनिक खाने वस्ने खर्च वापत प्रतिदिन रू ७००।- का दरले सहभागी भत्ता प्रदान गरिने छ । तर सहभागी हुने ब्यक्तिले दैनिक भ्रमण भत्ता पाउने भएमा सहभागी भत्ता दिईने छैन ।

ख) सहभागीको आते जाते खर्च वापत सार्वजनिक यातायात चल्ने स्थानमा बसको प्रचलित न्युनतम भाडा र सार्वजनिक यातायात नचल्ने स्थानमा प्रतिदिन रू २००।- का दरले यातायात खर्च दिईने छ ।

ग) सहभागी भत्ता दिईएमा यातायात खर्च दिईने छैन ।

## परिच्छेद ७
## मसलन्द तथा तालिम सामाग्री

८ मसलन्द तथा तालिम सामाग्री देहाय बमोजिम प्रदान गरिने छ

क) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाको प्रशिक्षण कार्यका लागी एकमुष्ट रू १०००।- प्रदान गरिने छ । (मसलन्द भन्नाले वोर्डमार्कर,

पारदर्शक पाना, कार्यपत्रको छाया प्रति, मेटाकार्ड, मास्किङ्ग टेप लाई सम्झनु पर्दछ)

ख) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाको सहभागीहरू लाई प्रदान गरिने स्टेशनरी वापत प्रति सहभागी रू १००।- मा नवढाई प्रदान गरिने छ ।

ग) तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशाला कक्ष तथा उपकरण भाडामा लिनुपर्ने भएमा प्रचलित वजार दररेट अनुसार लिनुपर्ने छ ।

घ) तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाको लागी आवश्यक कच्चा पदार्थ, नमूना कच्चा पदार्थ, ईन्धन, पोका वन्दिका सामान खरिद गर्नुपर्ने औजार प्रचलित वजार दररेट अनुसार लिनुपर्ने छ ।

ङ) तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाको लागी आवश्यक ब्यानर, ब्याच, खादा, प्रमाणपत्र प्रचलित वजार दररेट अनुसार लिनुपर्ने छ ।

## परिच्छेद ८

## अनुगमन भत्ता

८) गाउँपालिकामा संचालन हुने तालिम, कार्यक्रम, गोष्ठि, सेमिनार, कार्यशालाको अनुगमन तथा सुपेरिवेक्षण गरे वापत वढिमा ५ जना सम्मलाई प्रतिब्यक्ति रू १०००।- का दरले अनुगमन भत्ता प्रदान गरिने छ । तर दैनिक भ्रमण भत्ता प्रदान गरिएको खण्डमा अनुगमन भत्ता दिईने छैन ।

## परिच्छेद ९

## विविध

१० **यस निर्देशिकामा उल्लेख नभएका विषयहरुमा भएको खर्च नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७३ बमोजिम हुनेछ ।**

आज्ञाले

मार्शल कुमार ओली

प्रमुख प्रशासकीय अधिकृत